# छापाको सपनाः रेडियोको यात्रा

**रवीन्द्र मिश्र**

सम्भनालाई संस्मरणको साङ्लोमा समेट्न रमाइलो हुन्छ । तर सबै सम्भनाहरू रमाइलै हुन्छन् भन्ने छैन । कसैले आत्म संस्मरण लेख्नोस् भनेको भए त्यसको दायरा विस्तृत हुने थियो । त्यसभित्र जीवन र जगतका यावत पक्षहरूलाई समेट्न सकिने थियो । तर मलाई रेडियो संस्मरण लेख्न अनुरोध गरियो, जसले ममा खासै उत्साह जगाउन सकेन । तर पनि प्रत्यूषजीको बारम्बारको अनुरोधलाई मैले टार्न सकिनँ । मैले स्पष्टतः के स्वीकार्नु पर्ने हुन्छ भने बाल्यकालदेखि नै मेरो रेडियोप्रति आकर्षण भए पनि त्यो कहिल्यै मेरो पेशागत आकर्षणका रूपमा विकसित हुन सकेन । मूल रूपमा मैले रेडियो पत्रकारिता गरेको ठीक एक दशक भयो । तर रेडियोको आकर्षणले भन्दा बीबीसीको नामको आकर्षणले म रेडियोसँग गाँसिन पुगेको थिएँ र आज पनि मलाई त्यही नाम, निकट भविष्यमा बीबीसी नेपाली सेवाको सम्पादकको ओहोदाका लागि प्रतिस्पर्धा गर्न उपलब्ध हुने सक्ने अवसर र लण्डन बसाइका केही फाइदाहरूले भुण्डचाइराखेको छ ।

बाल्यकालमा *गोरखापत्र* र *राइजिङ नेपाल*को नाम सुन्नुभन्दा अगाडि मैले बीबीसीको नाम सुनेको थिएँ । मेरा पिता कलाकार तथा साहित्यकार मनुजबाबु मिश्रको समाचारप्रति तीव्र लगाव छ । अहिले जस्तै म केटाकेटी छँदा पनि उहाँको दिन बीबीसी बङ्गाली (आफू बङ्गलादेशमा पढेकाले), अङ्ग्रेजी या हिन्दी सेवा नसुनी सुरु हुँदैनथ्यो । तसर्थ मैले समाचारलाई अर्थ्याउन सक्नु अगाडि नै बीबीसी सुन्न थालिसकेको थिएँ । पछि, मेरा पिताका मित्र खगेन्द्र नेपाली सन् १९७९ मा बीबीसी नेपाली सेवामा काम गर्न बेलायत गएको खबरले त्यो दूर देशको विख्यात संस्थाप्रति ममा एउटा अस्पष्ट कौतूहल जागेको थियो । खगेन्द्र नेपालीको प्रसङ्ग आउँदा मैले एउटा घटनाको उल्लेख गर्नैपर्ने हुन्छ जसलाई मैले २० वर्षभन्दा बढी समयपछि बीबीसी नेपाली सेवामा जागिर खोज्ने क्रममा उहाँलाई लेखेको एउटा पत्रमा उल्लेख गरेको थिएँ ।

म छसात वर्षको हुँदो हुँ । एकदिन साँझ खगेन्द्र नेपाली मेरो घरमा आउनुभएको थियो । उहाँले एउटा 'पकेट ट्रान्जिस्टर' लिएर आउनुभएको रहेछ । त्यस्तो सानो 'खेलौना रेडियो' देखेर म दङ्ग परेँ । म दङ्ग परेको देखेर उहाँले "मसँगै मेरो घर जाने हो, यो तिमीलाई दिन्छु" भन्नुभयो । म झन् दङ्ग परेँ । उहाँले सम्भवतः मैले हुन्छ भन्छु भन्ने सोच्नु भएको थिएन होला । तर मैले हुन्छ भनिदिएँ र उहाँ घर फर्कन लाग्दा उहाँको कमीजको फेर समाएर पछिपछि लागेँ । घर नजिकैको चौरसम्म पुगेपछि मलाई बुवा तथा अङ्कलले जबरजस्ती घर फर्काएर ल्याउनुभयो । खगेन्द्र नेपालीसँगै घर गएर पकेट ट्रान्जिस्टर हात पार्ने मेरो सपना साकार हुन सकेन ।

त्यति बेला नेपालमा समाचारका लागि मूल माध्यम रेडियो मात्रै थियो । त्यसमा पनि कक्षा पाँचदेखि कक्षा दससम्म मेरो अङ्कलसँग म डोटी र दार्चुला जस्ता विकट जिल्लाहरूमा बसेर पढेँ जहाँ रेडियो मात्र समाचारको स्रोत हुन्थ्यो । अङ्कल र मैले २०३६ सालको विद्यार्थी आन्दोलन र काठमाडौँमा त्यसले ल्याएको हलचलबारे बीबीसी नेपाली सेवाबाटै थाहा पाएका थियौँ- दार्चुलामा ।

एसएलसी पास गरेपछि मलाई अङ्ग्रेजी साहित्य र पत्रकारिता पढाउने निर्णय गरियो घरमा । मैले त्यसको विरोध गरिनँ किनभने म स्वयंमा ती विषयहरूप्रति चाख थियो । पत्रकारिता अध्ययनको क्रममा मेरो झुकाव सदा छापा पत्रकारितातिर रह्यो । मैले रेडियो नेपालमा काम गर्नेबारे कहिल्यै सोचिनँ । त्यति बेला *गोरखापत्र* या *राइजिङ नेपाल*मा काम गर्ने चाहिँ मेरो चाहना थियो । स्नातक तहमा अध्ययनरत रहँदा मैले *साप्ताहिक विमर्श* र *गोरखापत्र*मा केही लेखहरू पनि लेखेको थिएँ । स्नातक तह पूरा गरेपछि *गोरखापत्र*मा उप-सम्पादक

पदका लागि आवेदन दिने मेरो प्रयास मलाई लोकसेवा लडाएर हाकिम बनाउने बुबा र अङ्कलको चाहनासँग नराम्ररी बाझियो । मैले जबरजस्ती लोकसेवाको जाँच दिनुपर्ने भयो । खासै तयारी नगरिकनै जाँच दिएँ र फेल भएँ ।

त्यसैबीच मैले त्रिभुवन विश्वविद्यालयमा अङ्ग्रेजी साहित्यमा स्नातकोत्तरको पढाइ सुरु गरेँ । पुनः लोकसेवा लड्ने दबाब केही मत्थर भैसकेको थियो र म पत्रकारिता अभ्यासका लागि मञ्च खोजिरहेको थिएँ । पत्रकारितामा स्नातक गर्नुका साथै मैले नेपाल प्रेस इन्स्टिच्यूटबाट पत्रकारिताको दसमहिने प्रशिक्षण पनि लिएको थिएँ किनभने जीवनमा पत्रकार नै बन्छु भन्ने कुरामा म दृढ थिएँ । अध्ययनको क्रममा रेडियो, टेलिभिजन र छापा तीनै विधासँग सम्बन्धित सैद्धान्तिक र व्यवहारिक पक्षहरूबारे अध्ययन गरिने भए पनि मैले खोजेको पत्रकारिताका मञ्चहरूमा अझै पनि रेडियो चाहिँ परेको थिएन । टेलिभिजन चाहिँ त्यति बेला भर्खरभर्खर सुरु भएको थियो र त्यसको नौलोपना तथा 'ग्ल्यामर' दुवैले मलाई केही आकर्षण गरेको थियो । मेरा सहपाठी राजीव उपाध्यायले टेलिभिजनमा काम सुरु गरेका थिए । उनले नयाँ सुरु हुन लागेको प्रभातकालीन सेवामा ठाउँ खाली छ भनेपछि मैले तत्कालीन महानिर्देशक नीर शाहलाई भेटेर काम गर्ने इच्छा प्रकट गरेँ । उहाँको मञ्जुरीपछि समाचार उप-सम्पादक र वाचकका रूपमा मैले नेपाल टेलिभिजनमा काम सुरु गरेँ । तर मन्त्रीले भाषण गरेका सभा समारोहहरूको समाचार सम्प्रेषण गर्ने र त्यही समाचार पढ्ने कामले मलाई कत्ति पनि सन्तुष्टि दिन सकेन र मैले एक वर्ष पनि नपुग्दै, धेरैको सल्लाह विपरीत, टेलिभिजनबाट राजीनामा दिएर स्नातकोत्तर पूरा गरेँ ।

त्यसपछि मलाई पुनः लोकसेवा लड्नेदेखि, कलेजमा अङ्ग्रेजी पढाउने र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूमा काम खोजी गर्ने विभिन्न सुझावहरू आए, विभिन्न व्यक्तिहरूबाट । तर मेरो अठोट भने पत्रकारिता र त्यसमा पनि छापा पत्रकारिता नै गर्ने थियो । त्यसैबीच ममा अर्को एउटा इच्छा पनि पलाइरहेको थियो– पत्रकारितामा स्नातकोत्तर गर्ने । मेरा पत्रकार मित्र रवि अधिकारी काठमाडौँस्थित पाकिस्तानी दूतावासमा काम गरेर त्यहाँबाट पाकिस्तान अध्ययन गर्न गएका थिए । त्यही आशामा स्नातकोत्तरको परीक्षा सकिएकै दिन म पाकिस्तानी दूतावास गएर राजदूतलाई भेटी आफ्नो इच्छा जाहेर गरेँ । उनले दूतावासमा एक वर्ष प्रेस अधिकृतका रूपमा काम गरे अर्को वर्ष पाकिस्तान पठाइदिने आश्वासन दिए र एउटा लिखित परीक्षापछि मैले त्यहाँ प्रेस अधिकृतका रूपमा काम सुरु गरेँ ।

राजदूतले दिएको आश्वासनअनुरूप म सन् १९९१ को अन्ततिर पत्रकारितामा स्नातकोत्तर गर्न पाकिस्तान गएँ । र गएको एक हप्ताभित्रैमा मैले त्यहाँको एउटा प्रमुख अङ्ग्रेजी दैनिक *द फ्रन्टियर पोस्ट*को समाचार शाखामा काम पाएँ । त्यसको केही महिनापछि म पाकिस्तानको सबभन्दा ठूलो समाचार गृहद्वारा प्रकाशित सबभन्दा बढी बिक्री हुने दैनिक *द न्युज इन्टरनेसनल*मा सरेँ । सन् १९९४ को मध्यतिर बीबीसी नेपाली सेवामा काम गर्न लण्डन आउनु अगाडिसम्म म सोही पत्रिकामा कार्यरत थिएँ ।

पाकिस्तान बस्दा बिहान सबेरै बीबीसी विश्व सेवा सुन्नु, त्यसलाई रेकर्ड गर्नु र त्यहीअनुरूप अङ्ग्रेजी लेख्ने र उच्चारण गर्ने प्रयास गर्नु मेरा नियमित कार्यहरू भित्र पर्दथे । अङ्ग्रेजी साहित्य पढे पनि अङ्ग्रेजी माध्यमको विद्यालयमा नपढेको हुनाले अङ्ग्रेजी बनाउन मैले सधैँ थप मेहनत गर्नुपर्थ्यो । पाकिस्तानमा जब म स्नातकोत्तर दोस्रो वर्षमा प्रवेश गरेँ, मैले बीबीसी र बेलायतको मोहले बीबीसी नेपाली सेवामा कामको सम्भाव्यता अन्वेषण गर्ने निर्णय गरेँ । सोही अनुरूप खगेन्द्र नेपालीलाई २० वर्षअगाडि कमिजको फेर समाएर पछि लागेको पुरानो घटना स्मरण गराउँदै आफ्नो पत्रकारिता अध्ययन र अभ्यासको नालीबेलीसहित एउटा पत्र लेखेँ । खगेन्द्र नेपालीले सो पत्रको स्नेहपूर्ण जवाफ दिँदै आवश्यक परे सम्झने जानकारी दिनुभयो ।

सन् १९९३ अक्टोबरमा पाकिस्तानमा आम निर्वाचन हुन गइरहेको थियो र त्यसको ठीक अगाडि एक दिन लण्डनबाट फोन आयो । खगेन्द्र नेपालीले निर्वाचनको अघिल्लो दिनका लागि निर्वाचनबारे दुई मिनेटभन्दा कम लम्बाइको एउटा रिपोर्ट तयार पार्न भन्नुभयो । तर साथमा उहाँले उपयुक्त भएको खण्डमा मात्र त्यो प्रयोग हुने पूर्व जानकारी पनि दिनुभयो । भोलिपल्ट निर्देशनअनुसार रिपोर्ट तयार पारेर फोनमार्फत रेकर्ड गराएँ जसबाट उहाँ अत्यन्तै प्रभावित हुनुभएको थियो । उहाँले मलाई अर्को दुई दिन पनि रिपोर्टहरू तयार पार्न निर्देशन दिनुभयो जुन मैले सक्दो राम्रोसँग गरेँ ।

त्यसपछि खगेन्द्र नेपाली र मेरो बीचमा पुनः कुनै सम्पर्क भएन । फेरि फेब्रुअरी १९९४ मा अनायास एकदिन लण्डनबाट फोन आयो । खगेन्द्र नेपालीले "छ महिनाका लागि काम गर्न एक हप्ताभित्र लण्डन आउन सक्छौ ?" भन्दा म अवाक् भएँ । तर त्यसअगाडि उहाँले मेरो अङ्ग्रेजी-नेपाली अनुवाद क्षमताको परीक्षा लिने बताउनुभयो । मेरो लेखन, विश्लेषण र वाचन क्षमताहरूको परीक्षा मैले निर्वाचनबारे गरेका रिपोर्टहरूबाटै भइसकेको थियो । अनुवादमा मलाई खासै समस्या भएन र म लण्डन जाने पक्का भयो । छापा पत्रकारितामा लगाव

हुँदाहुँदै म यसरी रेडियो पत्रकारितामा अवतरण गर्न पुगेको थिएँ । तर रेडियो पत्रकारका रूपमा मैले पूर्ण इमान्दारीका साथ काम गर्न कुनै कसर बाँकी राखेको छैन र मलाई बीबीसी अवतरणप्रति कुनै पश्चाताप पनि छैन ।

नेपाली सेवामा खगेन्द्र नेपाली, मणि राणा जस्ता पुराना पुस्ताका र सुमन खरेल, जितेन्द्र राउत जस्ता नयाँ पुस्ताका रेडियो हस्तीहरूसँग काम गर्न पाउनुलाई मैले आफ्नो सौभाग्य सम्झेको छु । नेपाली सेवामा गरेका कामहरू बाहेक बीबीसी अङ्ग्रेजी सेवाका सबभन्दा महत्त्वपूर्ण मानिने विश्लेषणमूलक तीनओटा कार्यक्रमहरू– *न्युज आवर, द वर्ल्ड टुडे* र *ब्रिफिङ्* एवं समाचार महाशाखासँगको संलग्नता मेरो जीवनमा रेडियोसँग सम्बन्धित अन्य अमीट पाटाका रूपमा रहिरहने छन् । समाचार र विश्लेषणमूलक यी कार्यक्रममा काम गर्दा बीबीसी विश्व सेवाका केही घागडान र कैयौँ नयाँ पुस्ताका पत्रकारहरूसँग बसेर कार्यक्रम निर्माण र उत्पादन गर्ने अवसर मिलेको थियो भने समाचार महाशाखामा रेडियो समाचार र विश्लेषण लेखनमा जीवन नै बिताएका पत्रकारहरूसँग ती विषयका सूक्ष्मतम् पक्षहरू सिक्ने अवसर मिलेको थियो । समाचार महाशाखामा काम गर्नका लागि प्रतिस्पर्धा गर्दा *वाशिङटन पोस्ट*देखि *गार्डिएन* तथा *टाइम्स्* जस्ता पत्रिकाहरू र विभिन्न घरेलु प्रसारण सेवाहरूमा काम गरिरहेका पत्रकारहरू लगायत झण्डै ३०० जनाले आवेदन दिएकोमा आफू सफल ३० जना उम्मेदवारहरूमा पर्नु पनि मेरालागि खुसीको विषय थियो । यी सबैले गर्दा गत एक दशकमा मेरो रेडियो प्रेममा ठूलो वृद्धि भएको छ । तर त्यति हुँदाहुँदै पनि मैले छापाप्रतिको मोह कहिल्यै मार्न सकिनँ र मैले कहिले नियमित स्तम्भकारका रूपमा र कहिले अनियमित टिप्पणीकारका रूपमा नेपालका पत्रपत्रिकाहरू, बीबीसी विश्व सेवा र बीबीसी न्युज अनलाइनलाई लेख्ने काम जारी नै राखेँ । यद्यपि मेरो हरेक बिहान भने पत्रपत्रिका पढेर होइन, पकेट ट्राञ्जिस्टर बोकेर बाथरुम पसेर सुरु हुन्छ र सम्पूर्ण दिन रेडियोका लागि काम गरेरै अन्त हुन्छ । तर रेडियोका लागि काम गर्नेले पनि आफूलाई मूलतः पत्रकार भन्ने हो भने लेख्नै पर्छ भन्ने मेरो मान्यता रहेको छ । जसरी कविता नलेख्ने व्यक्ति कवि हुन सक्दैन, चित्र नबनाउने व्यक्ति चित्रकार हुन सक्दैन त्यसैगरी पत्रकारितागत लेखन नगर्ने व्यक्ति पत्रकार हुन सक्दैन ।

केवल सूचनाको प्रवाहको मात्र कुरा गर्ने हो भने रेडियोको शक्तिलाई कसैले उछिन्न सक्दैन । तर गहन विश्लेषणका लागि रेडियोभन्दा छापा नै प्रभावकारी माध्यम हो भन्नेमा चाहिँ मलाई कुनै शङ्का छैन । दुःखको कुरा चाहिँ के भने दक्षिण एसियाका अन्य राष्ट्रहरूमा जस्तै नेपालका धेरैजसो रेडियो पत्रकारहरूमा

पनि विश्लेषणात्मक लेखकीय पक्षको स्पष्ट अभाव देखिन्छ। यतिसम्म कि रेडियो पत्रकारहरू स्वयं पनि जब गहन विश्लेषण र सन्तुलित दृष्टिकोणको आवश्यकता पर्छ, छापा पत्रकारहरूकै खोजीमा जान्छन् ।

नेपालमा अब एफएम रेडियोको फैलावट र समाचार प्रसारणमा बढ्दै गएको स्वतन्त्रताले रेडियो पत्रकारिताको स्तरमा निश्चय पनि ठूलो सुधार आउने छ । तर त्यसका लागि रेडियो पत्रकारहरू स्वयंबाट पनि त्यत्तिकै मेहनत र प्रयासको जरुरत पर्नेछ। एकजना सफल रेडियो पत्रकार हुनका लागि ऊ कार्यक्रम उत्पादक, निर्माता र प्रसारक भएर मात्र पुग्दैन । ऊ कुशल पत्रकार, विश्लेषक, कार्यक्रम उत्पादक, कार्यक्रम निर्माता, अन्तर्वार्ताकार र प्रसारक सबै हुन जरुरी छ । यसरी हेर्दा रेडियो पत्रकारको पेशागत चुनौती छापा पत्रकारको भन्दा अझ कठिन र व्यापक हुनुपर्ने हो तर एकाध उदाहरणलाई छोडेर नेपालमा त्यो स्थिति अझै आइसकेको देखिँदैन । त्यसमा परिवर्तन ल्याउने जिम्मा अबको नयाँ पुस्ताकै हो । त्यसपछि खाँटी पत्रकार बन्ने अठोट लिएका म जस्ता कतिपय व्यक्तिहरूले रेडियोलाई आफ्नो पेशागत मञ्च बनाउन हिचकिचाउने छैनन् ।